# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः१८ मितिः २०८०।०३।११

## भाग-२

## इनरुवा नगरपालिका

### इनरुवा नगरपालिकाको बालकोष संचालन कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०३।०९

प्रमाणीकरण मितिः २०८०।०३।११ गते

# इनरुवा नगरपालिकाको बालकोष सञ्चालन कार्यविधि, २०८०

इनरुवा नगर भित्रका आपत्कालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको हकहितको संरक्षण र संबर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत संकलन गरी परिचालन गर्न नगरपालिका स्तरीय बालकोषको स्थापना गर्न वान्छनिय भएकोले,

इनरुवा नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "इनरुवा नगरपालिकाको बालकोष सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कोष" भन्नाले यस कार्यविधिको दफा ३ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको नगरस्तरीय बाल कोष सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले स्थानीय बाल अधिकार समिति सम्झनु पर्छ ।

(ग) "आपत्कालीन अवस्था" एवं "जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले कार्यविधिको दफा ९ मा उल्लेखित बालबालिकालाई सम्झनु पर्छ ।

(घ) "संचालक समिति" भन्नाले कार्यविधिको दफा ४ मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

**३. कोषको स्थापनाः**

(१) जोखिम अवस्थामा रहेका वा आपत्कालीन अवस्थामा रहेका नगरभित्रका वा नगर भित्र फेला परेका बालबालिकाको संरक्षण गर्न बालकोषको स्थापना भएको छ ।

(२) बालकोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछ ।

(क) नगरपालिकाले यस कोषमा जम्मा गरेको रकम,

(ख) विभिन्न संघ, संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(ग) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(घ) बालकोषका नाममा केन्द्रिय सरकार वा प्रदेश सरकारबाट प्राप्त रकम ।

४. संचालक समितिको गठनः कोषको व्यवस्थापन, संचालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको ५ सदस्यीय संचालक समिति रहनेछ ।

**देहायः**

| | |
|---|---|
| (क) स्थानीय बाल अधिकार समिति संयोजक | - अध्यक्ष |
| (ख) महिला तथा बालबालिका शाखा प्रमुख | - सदस्य |
| (ग) बाल अधिकार समितिको फोकल पर्सन | - सदस्य |
| (घ) नगर बाल संजालको अध्यक्ष | - सदस्य |
| (ङ) नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

**५. संचालक समितिको काम कर्तव्य र अधिकारः** संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आपत्कालीन अवस्थामा रहेका बालबालिकाहरुको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारिक पुनर्मिलन गराउने,

(ख) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा प्रतिव्यक्ति बढिमा रु ५०००। (पाँच हजार) सम्म सहयोग गर्ने,

(ग) स्थानीय बाल अधिकार समितिसँग समन्वय गर्ने,

(घ) अर्धवार्षिक वा वार्षिक रुपमा कार्यप्रगति विवरण कार्यपालिका वा नगरसभामा पेश गर्ने,

(ङ) कोषको आय व्यवको विवरण अध्यावधिक गर्ने,

(च) कोषको बृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने ।

(छ) आपत्कालीन अवस्थामा बालबालिकाको संरक्षणको लागि अन्य आवश्यक काम गर्ने ।

(ज) संचालक समितिले गरेको आय व्याायको विवरण सार्बजनिक गर्ने ।

(झ) कोषको बृद्धिमा सहयोगी संघ संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने ।

**६. संचालक समितिले गर्न नहुने कामहरुः** संचालक समितिले देहायका कामहरु गर्न गराउन हुदैन ।

(क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न दिन नहुने ।

(ख) आपत्कालीन अवस्थाका बालबालिकाको हक हित संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा रकम खर्च गर्न नहुने ।

**७. संचालक समितिको बैठकः** आपत्कालीन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि नगर बालअधिकार समितिमा वा नगरपालिकामा परेका निवेदन उपर छलफल र निर्णय गर्न संचालक समितिको बैठक देहाय बमोजिम बस्नेछ,

(क) संचालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(ख) संचालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ निजको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले गर्नेछ ।

(ग) संचालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।

(ङ) संचालक समितिको सम्पर्क स्थान इनरुवा नगरपालिकामा रहनेछ ।

**(८) लेखा परीक्षणः** कोषको प्रत्येक वर्षको आय व्यायको विवरणको लेखापरिक्षण गराउनुपर्नेछ ।

**(९) आपत्कालीन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगर्त देहायका बालबालिका पर्दछन्ः**

(१) हराएका वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,

(२) जोखिमपूर्ण श्रममा संगलग्न रहेका बालबालिका,

(३) रिणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका बालबालिका,

(४) दुर्घटनामा परेका वा प्रकृतिक वा दैवी प्रकोपमा परेका बालबालिका,
(५)शारिरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुव्र्यवहारबाट पिडित बालबालिका,
(६)बाबु आमा कारागारमा वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे भएका बालबालिका,
(७) यौनशोषण,यौनदुव्र्यवहार,बेचविखन,वा ओसार पसारमा परेका बालबालिका,
(८) हिंसाबाट प्रभावित वा पीडित बालबालिका,
(९) बाबु आमा वा आफन्तजनको संरक्षबाट बंचित भएका बालबालिका,
(१०) अपाङ्गता भएका बालबालिका,
(११) सुस्त मनस्थिति भएका बालबालिका,
(१२) अपहरण वा शरीर बन्धकमा परेका बालबालिका,
(१३) सडक बालबालिका,
(१४) एच.आई. भी. एड्स संक्रमित भएका बालबालिका,
(१५) नगर बाल अधिकार समितिले तोकेका अन्य बालबालिका ।

**१०) निवेदन दिन सक्नेः-**
यस कार्यविधिको बुँदा नं ९ मा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण,उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी महिला तथा बालबालिका शाखामा जो कुनै सरोकारवाला वा व्यक्तिले बालबालिकाको अवस्था र विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

**११) कोषको रकम उपलब्ध गराउनेः** इनरुवा नगरपालिकाको कोषमा जम्मा हुनेछ,साथै लेखा शाखा प्रमुख र कार्यालय प्रमुखको संयुक्त दस्तखतबाट दिन सकिनेछ ।

**१२) अन्य खर्चः** मसलन्द खर्च तथा बालउद्धार गर्ने क्रममा हुने यातायात खर्च वापत्को खर्चको रकम प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखले यकिन गरी लागेको खर्च वपतको रकम भुक्तानी दिन सकिनेछ ।

**(१३) कोष खारेज हुन सक्नेः** कुनै कारणवस कोष संचालन गर्न आवश्यक नभएमा पर्याप्त कारणहरु सहित संचालक समितिको सिफासिमा नगर कार्यपालिकाको बैठकको निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम नगर कार्यपालिकाको निर्णयले बाल हितकारी कार्यक्रम संचालन गर्न सकिनेछ ।

**आज्ञाले**
दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत